जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १८२ २०७६ साल फागुन ६ गते मंगलबार (18 Feb. 2020 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश २सरकार विघटन ... ३ पृष्ठमा : जंगली जीवजन्तुको अवैध ... ३ पृष्ठमा : कोरोना भाइरसबाट चीनमा १ ...

# स्वर्णधारी खेलाडी तथा उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान



**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**
सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाले सोमबार स्वर्णधारी खेलाडी तथा उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान गरेको छ ।

गाउँपालिका कार्यालयको प्राङ्गणमा आयोजित एक कार्यक्रममा हडकडमा सम्पन्न तेस्रो एसियाली युथ एथलेटिक्स प्रतियोगितामा स्वर्ण जितेका अजित यादवलाई ५१ हजार नगदसहित सम्मान गरेको छ ।

यस्तै २०७५ सालको एस.ई.ई. परिक्षामा गाउँपालिका स्तरमा सर्वाधिक अंक ल्याई उत्रिर्ण हुने १० जना छात्र छात्राहरुलाई ल्यापटप र साईकल उपहार सहित सम्मान गरिएको छ ।

सम्मान पाउने छात्र छात्राहरुमा गाउँपालिकाका राम कुमार ईसर, मुनी कुमारी झा, अरुणा राय, सुरुची सिंह, भास्कर झा, कुशुम कुमारी मिश्रा, मानती कुमारी यादव, रामबाबु मण्डल, अनुराधा कुमारी पैकडा र प्रकाश मण्डल छन् ।

त्यस्तै गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयमा लामो समयदेखि शिक्षण पेशामा रही शिक्षा क्षेत्रका योगदान पुर्‍याई हाले सेवा निवृत भएका तीन जना प्रधानाध्यापकहरुलाई पनि सम्मानित गरिएको छ ।

उनीहरुलाई प्रमुख अतिथि जिल्ला समन्वय समितिका सभापति प्रभाकर यादव, तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंह, निमिति प्रमुख प्रशासकिय अधिकृत राजु झा लगायतले नगद, उपहार तथा कदर पत्रबाट सम्मान गरेका थिए ।

गाउँपालिका भित्र विभिन्न विद्यालयमा अध्ययनरत छात्र छात्रालाई नियमित विद्यालय जान र प्रोत्साहन गर्न साईकल र ल्यापटप वितरण गरिएको गाउँपालिका अध्यक्ष सतिश सिंहले बताएका छन् ।

सो गाउँपालिकाले गत वर्षदेखि नै एस.ई.ई. परिक्षमा गाउँपालिका स्तरमा सर्वाधिक अंक ल्याई उतिर्ण हुने १० जना छात्र छात्रालाई प्रोत्साहन स्वरुप साईकल र ल्यापटप उपहार दिने कार्यक्रम संचालनमा ल्याएको हो ।

*बाँकी तीन पृष्ठमा*

# महिलामाथि सामुहिक बलात्कार गर्ने एक भारतीयसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ५ फागुन ।**
जनकपुरमा एक महिलामाथि सामुहिक बलात्कार भएको छ ।

जनकपुरधाम उपमहानगरपालिका ४ विश्वकर्माचोकमा सोमबार विहान अन्दाजी ३५ वर्षीया महिलामाथि सामुहिक बलात्कार भएको प्रहरीले जनाएको छ ।

बलात्कार आरोपमा घटनास्थलबाटै एक भारतीय नागरिकसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा महोत्तरीको औरही नगरपालिका ७ का २५ वर्षका नरेश महतो र भारत बिहार मधुवन कलुवाहीका ४९ वर्षीय राघवेन्द्र प्रसाद सिंह रहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक अशोक झाले जानकारी दिएका छन् ।

बालात्कृत भएकी महिला कहाँकी हुन् भन्ने अहिलेसम्म नखुलेको र घटनामा अन्यको संलग्नता रहेको वा नरहेको भन्ने विषयमा अनुसन्धान भइरहेको उनले बताए ।

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**
**फोन नं. : 031-522408/09**

# मुस्लिमहरुको धार्मिक महासभा इज्तिमा सम्पन्न



मुस्लिम समुदायको तिन दिने धार्मिक महासभा इज्तिमा सम्पन्न भएपछि घर फर्कदै सहभागिहरु । *तस्विर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**
सप्तरीको बोदेबर्साइन वडा नं. ५ जाजरमा आयोजित मुस्लिम समुदायको तिन दिने धार्मिक महासभा इज्तिमा सोमबार सम्पन्न भएको छ ।

सम्मेलनका मुख्य प्रवर्चनकर्ता भारत दिल्लीस्थित

*बाँकी तीन पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । **हाम्रो सेवाहरु** →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

# विद्यालयलाई शान्तिक्षेत्र र बालमैत्री बनाऔं

अहिले विद्यालयहरु राजनीतिक अखाडा क्षेत्र बनिरहेका छन् । बालबालिकाहरु प्रारम्भिक शिक्षा लिने उमेरमा उनीहरुले ज्ञान लिने स्थान यसरी राजनीतिक अखाडा बन्नु कदापी राम्रो होइन् । विद्यालयलाई राजनीतिक होइन् की शान्तिक्षेत्र र बालमैत्री बनाउनु पर्ने आवश्यकता रहेको छ । नागरिक समाजले मात्र नभई सरकार स्वयंले पनि विद्यालयमा शान्ति क्षेत्र बारे बारम्बार प्रतिबद्धता जनाए पनि यसो हुन सकेको छैन् । यो विडम्बना हो । विद्यालयमा अहिले पनि विद्यार्थीहरुले भयमुक्त वातावरणको पूर्ण रुपमा अनुभूति भने गर्न सकिरहेका छैनन् । विद्यार्थीमैत्री वातावरणको सृजना हुन सकिरहेको छैन ।

बालमैत्री शिक्षक र शिक्षण हुनुपर्छ भनेर सरकारी तथा गैरसकारी निकायहरुबाट बारम्बार अभिमुखीकरण भइरहँदा अधिकांश शिक्षकले भने विद्यार्थीहरुलाई अहिले पनि लठ्ठीले नै अनुशासतलस्न सिकाउने बानी छोड्न सकेका छैनन् । गृहकार्य नगरेको निहुँमा, अनुशासन भंग गरेको बहानामा विद्यार्थीहरु अहिले पनि कुटिन्छन् । यसरी विद्यालय शान्ति क्षेत्र कागजी रुपमा मात्र कार्यान्वयन हुनु भनेको लज्जाको विषय हो ।

विद्यालय शान्ति क्षेत्रको अवधारणालाई प्रभावकारी ढंगले लागु गर्न यस्ता दण्डहिनता हटाउनु पर्ने आवश्यक छ भने यसका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ पनि उत्तिकै जिम्मेवार हुनुपर्ने जरुरी छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश २ सरकार विघटन नहुने
# राजपा र समाजवादी पार्टी एकीकरणतिर अग्रसर



**अमरनाथ मण्डल**

मधेश र मधेशी अधिकारको अवधारणा तथा मधेशवादको आवाजलाई दिशा निर्देश गर्ने पार्टीहरु समाजवादी र राजपाका बीचमा केही दिन पहिलेदेखि बढिरहेको कटुलताको कारण मधेशी जनताहरु निराशको वातावरण तिर केन्द्रित रहेको देखिएको अवस्थामा प्रदेश २ मा यी दुई पार्टीको सरकारसमेत संकटमा रहेको चर्चा परिचर्चाले मधेशमा राजनीतिक तरंगको परिवेशबाट गुजर्न बाध्य भएको थियो भने मधेश आन्दोलनले दिएका जनादेशको सिद्धान्त मर्मको भावना विपरीत नेकपासँग दुवै पार्टीले गरेका सम्झौताहरु कारणले गर्दा तथा सरकारमा सहभागिता भएका कारणले गर्दा मधेशवादको मर्म र सिद्धान्तमाथि यी दुई पार्टी सत्ताको राजनीतिकमा तलिन रहेको सन्देशहरु व्यापक रुपमा चर्चा पाएका थिए ।

राजपा र सामाजवादीमा एकताको प्रयास पहिलेदेखि नै शुरु भएको सन्दर्भमा समाजवादीले सरकार छोडी एकताको प्रक्रियामा आएपछि मात्र एकताको वार्ता हुने राजपाका शिर्ष नेताहरुको व्यक्तव्यवादी कारण एकताको परक्रिया केही दिनदेखि रोकिएको अवस्थामा समाजवादीले सरकार छोडेपछि राजपा र समाजवादी एकताको बुँदाहरुमा सहमतिको लागि अग्रसर भइरहेको बेला एक्कासी राजपाले राष्ट्रियसभामा नेकपासँग गरेका दुई बुँदे सहमतिले नेकपा र राजपाको बीच सत्ता समीकरण हुने अडकलवादीहरु व्यापक रुपमा उठ्न थालेका थिए । यसै सन्दर्भमा नेकपासँग प्रदेश २ मा तालमेल गरी प्रदेश सरकार बनाउने चर्चा पनि शिखरबिन्दुमा पुगेका थिए ।

राजपा नेताहरुको दिल्ली भ्रमण पछि राजपा र समाजवादी बीचको एकता प्रक्रिया र एकताका कुराहरु राजपा नेताहरुले वार्तामा जनाउँनु भयो।

राजपाका नेता राजेन्द्र महतो तथा समाजवादीका नेता उपेन्द्र यादवको पार्टीएकताप्रतिको भावना एकअर्कासँग मेल खाने रहेकोले अबका दिनमा पार्टी एक हुने वातावरण बन्ने तिर राजपा र समाजवादी अग्रसर देखिएको छ



अब राजपा र समाजवादी एकीकरण तिर अग्रसर हुनेछ ।
**राजेन्द्र महतो**
सकारात्मक सोच लिएर पार्टी एकताको प्रक्रिया अगाडि बढ्ने छ ।
**उपेन्द्र यादव**

गर्दै यी दुई पार्टी एकीकरण तिर अहिलेको परिस्थितिमा उन्मुख भइरहेको देखिन्छ ।

राजपा नेता दिल्ली भ्रमण पछिको भावनाहरुले के देखाउँछ भने दिल्ली दरबारले पनि मधेश आन्दोलनको सम्मान गर्न उहाँहरुलाई सुझाव दिएका छन्। तर राजपामा रहेका ६ अध्यक्ष मण्डलका सदस्यहरुको एउटा एजेन्डामा खाँसगरी राजपा र समाजवादीको एकताको आधारमा एकरुपता हुनुपर्ने देखिन्छ । त्यस्तै प्रदेश २ को सरकारलाई विघटन नगरी परिवर्तनको आवधारण लागु गर्नुपर्ने र मधेश र मधेशीको अधिकार सवालमा विकासको सवालमा बाधक बनिरहेको मन्त्रीहरुले यी दुई पार्टीका शिर्ष नेताहरुको बैठकले पुनरगठन गरी मधेशी जनता भावना अनुरुप व्यक्तिहरुलाई सरकारमा पठाउनु पर्ने अवस्थाको सिर्जना भइरहेको देखिन्छ । तसर्थ राजपा र समाजवादी पार्टी बीच बढेको कटौताको कारक पनि दुई नम्बर प्रदेशका मन्त्रीहरु पनि रहेको चर्चाको अनुभूति भइरहेको देखिन्छ ।

गर्न थाले । राजपा नेता राजेन्द्र महतोले राजपा र समाजवादीको एकताको आधारहरुमा व्यापक ठाउँ भएकोले हामीहरु अबका दिन समाजवादी र राजपाबीच इमानदारतापूर्वक सक्रियताको रुपमा एकता प्रक्रियालाई अगाडि बढाउने बताउँछन् । उहाँले मधेशको मर्म र भावना दुवै मधेशी पार्टी एक ठाउँमा उभि वैकल्पिक पार्टीको रुपमा निर्माण हुने तिर हामीहरु सक्रियताको साथ लागि परेको कुरा यस स्तम्भकारसँग टेलिफोन वार्तामा विश्वास साथ विश्वास व्यक्त गर्नुभयो । उहाँले प्रदेश २ का सरकार अहिले विघटन नहुने र प्रदेश २ मा राजपा र समाजवादीको सरकार यथास्थितिमा रहने उहाँको भनाई रहेको थियो । त्यस्तै समाजवादीका नेता उपमेन्द्र यादवले साकारात्मक सोच साथ महत्वाकांक्षी नबनी एकताको प्रक्रियालाई हामी दुवै पार्टी इमानदारीता पूर्वक सक्रियको साथ एकताको तिर उन्मुख हुने उहाँले यस स्तम्भकारसँगको टेलिफोन भने तिन/तिन चोटी भएका मधेश आन्दोलन र मधेश आन्दोलनका जनादेशहरुलाई राज्य पक्षले वार्ता गरी वार्ताको कार्यान्वयन नगरेको गुनासोहरु मधेशी जनता तथा मधेशी दलका बिच उठी रहेको सन्दर्भमा मधेश आन्दोलनमा शहादत दिएका सहिदहरुको मर्म भावना र भावना सम्मानलाई शासकवर्गहरुद्वारा सधै मधेशवादको अवधारणालाई नकारात्मक दृष्टिकोणले हेरेको कारण मधेशका यी दुई प्रमुख मधेशी पार्टी राजपा र समाजवादी एकअर्का बीचको मतभिन्ता कटुलतालाई बिर्सि शहिदहरुको सपनालाई साकार पार्ने तिर उन्मुख भई पार्टी एकीकरणको थालनी गरेको राजपाका नेताहरु भावना रहेको छ । तसर्थ यी दुई पार्टीहरुको मिलन बिन्दुको चर्चाले शासकवर्गहरुको बीच खल्लोबल्लो मचिएका छ भने सत्ता र कुर्सीको मोह देखाइ यी दुई पार्टीलाई एक ठाउँमा धुव्रीकरण नहुन दिन नेकपा पार्टी लगायत त्यस पार्टी नेताहरु भर्सक प्रयास गरे । तर मधेश आन्दोलनको जनादेशलाई सम्मान

राजपा र समाजवादीको एकता प्रक्रिया तथा पार्टीहरुको एकअर्कामा समायोजनको लागि गठित कार्यदलहरुलाई सक्रिय बनाई ततरुपताको साथ सक्रियताको साथ वार्ता प्रक्रियालाई अगाडि बढाउनु पर्ने देखिन्छ । यदि राजपा र समाजवादीको पार्टी एकीकरण भयो भने मधेशमा नयाँ तरङ्गको स्थितिको शुरुवात हुन्छ । मधेशी जनताको र मधेशको भावना स्वार्थमा नफसी त्याग र समापन साथ मधेशी जनताले दिएका जनादेशका सम्मान गरी मधेश आन्दोलनका प्रमुख एजेण्डा संविधान संशोधन रहेको संविधान संशोधन तिर अग्रसर भई सरकारलाई सदन र सडकमा संघर्ष गरी संविधान संशोधनको लागि दवाव दिनुपर्ने अवस्था देखिन्छ ।

# ‘बेटी पढाऊ, बेटी बचाऊ’ अभियान उपलब्धिमूलक

जनकपुरधाम, ५ फागुन (रासस) ।

प्रदेश नं २ को सरकारद्वारा महिला सशक्तीकरण तथा सामाजिक सुधार गर्ने गर्ने उद्देश्यले सञ्चालित ‘बेटी पढ़ाऊ, बेटी बचाऊ अभियान’ उपलब्धिमूलक रहेको बताइएको छ ।

प्रदेश सरकारद्वारा सार्वजनिक गरिएको दुई वर्षको उपलब्धि विवरणमा सो कुरा उल्लेख गरिएको छ । मुख्यमन्त्री लालबाबु राउतका अनुसार अभियानले महिलाप्रति हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याएको छ । सो अभियानअन्तर्गत हालसम्म माध्यमिक र उच्च माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत १४ हजार छात्रालाई साइकल वितरण र करिब १५ हजारलाई वितरण गर्न प्रक्रिया अगाडि बढाइएको बताइएको छ ।

साइकल वितरण कार्यक्रमअन्तर्गत सप्तरी जिल्लाका २९ विद्यालयका एक हजार ५३५ , सिरहा जिल्लाका २५ विद्यालयका एक हजार ६१६ , धनुषा जिल्लाका ३२ विद्यालयका एक हजार ७८५ र महोत्तरी जिल्लाका ३१ विद्यालयका एक हजार ८७० छात्रालाई साइकल वितरण गरिएको छ ।

त्यस्तै सर्लाही जिल्लाका ४२ विद्यालयका दुई हजार ४५७, रौतहट जिल्लाका २८ विद्यालयका एक हजार ४०८, बारा जिल्लाका २६ विद्यालयका एक हजार ६७५ र पर्सा जिल्लाका २७ विद्यालयका एक हजार ६५४ छात्रालाई साइकल वितरण गरिएको छ ।

‘छोरी जन्मनुलाई सराप होइन वरदान’का रूपमा लिनुपर्छ भन्ने भावना वृद्धि गरी जीवन सुरक्षित गर्ने उद्देश्यले सरकारले छोरी बीमाको रकमलाई वृद्धि गरी तीनलाख पु¥याएको छ । सो अभियानप्रति विभिन्न पालिका उत्साहित भई सरकारद्वारा दिइएको रकममा थप गरी छ लाख पु¥याउने लहर आएको जनाइएको छ ।

प्रदेश सरकारले गत वर्षको माघ १ गतेपछि जन्मिएका छोरीका लागि छोरी शिक्षा बीमा मुद्दति बचत कार्यक्रम सञ्चालन गर्दै आएको छ । सो कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा चार हजार ३७३ बीमित बालिकाको खातामा रकम जम्मा भइसकेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अनुसार सप्तरी जिल्लाका ६४७, सिरहा जिल्लाका ३६२, धनुषा जिल्लाका ७८१, महोत्तरी जिल्लाका ७२६, सर्लाही जिल्लाका ३०५, रौतहट ७६०, बारा जिल्लाका ४४१ र पर्सा जिल्लाका ३५१ बीमित बालिकाको खातामा रकम जम्मा भइसकको छ ।

सोही कार्यक्रमअन्तर्गत २०७६ साउनदेखि कात्तिकसम्म दर्ता भएका तीन हजार बालिकाको खातामा रकम पठाउने अन्तिम तयारीमा रहेको छ । त्यस्तै सो कार्यक्रम सन्दर्भमा चालु आवको माघ २ देखि माघ २९ गतेसम्म सञ्चालित शिविरमा २० हजार २५ छोरीको बीमाका लागि निवेदन दर्ता भइसकेको जनाइएको छ ।

# अन्तर बिद्यालय क्रिकेटमा म्याक्सेल र लिटिल एन्जेल बिजयी

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

राजबिराजमा संचालित सप्तरी क्रिकेट विकास प्रतिष्ठानद्वारा संचालित जिल्ला स्तरीय अन्तर विद्यालय टि-२० क्रिकेट प्रतियोगिता अन्तरगत सोमबार सम्पन्न खेलमा म्याक्सेल र लिटिल एन्जेल स्कुल बिजय भएका छन ।

स्थानिय राज रंगशाला मैदानमा भएको पहिलो खेलमा म्याक्सेलले युनिभर्सल स्कुललाई २ सय २५ रनको फराकिलो अन्तरले पराजित गरेको छ भने दोस्रो खेलमा लिटिल एन्जेलले लिटिल फ्लावर स्कुललाई ९ बिकेट पराजित गर्दै बिजय भएका हुन् ।

पहिलो खेलमा टस जितेर म्याक्सेलले निर्धारित २० ओभरको खेलमा ३ बिकेटको क्षतिमा २ सय ७८ रनको विशाल योगफल खडा गरेको थियो । जसमा टिमका लागि यु १६ अन्तर्राष्टिय क्रिकेट प्रतियोगिता खेलि सकेको रोहिन बिकले २२ चौका र १३ छक्काको मदतले प्रतियोगिता कै उच्च स्कोर १ सय ९२ रन बनाएका थिए भने सोरभ भुजेलले पनि ४३ रन जोडेका थिए । बलिङतर्फ युनिभर्सलका बिजय माभ्की र रोनित साहले १/१ बिकेट हात पारेका थिए ।

जवाफमा युनिभर्सलले १३.१ ओभरमा सबै बिकेट गुमाई ५३ रनमै समित रहे । बलिङतर्फ म्याक्सलका धिरेन्द्र साहले किफायति बलिङ गर्दै ५ बिकेट, मो सकिम र हसन जमालले २/२ बिकेट हात पारेका थिए भने खेलको म्यान अफ द म्याच रोहन बिक घोषित भए ।

यसैगरी दोस्रो खेलमा लिटिल फलावर स्कुलले टस जितेर १३ ओभरको खेलमा ९ बिकेट गुमाएर ५२ रन बनाएका थिए भने जवाफमा लिटिल एन्जेलले ६.६ओभरमा १ बिकेट गुमाएर बिजय हासिल गरेका थिए । खेलको म्यान अफ द म्याच आर्यन चौधरी घोषित भएको राष्टिय स्कोरर शम्भु दासले जानकारी दिएका छन ।

# आवश्यकता

*प्रकाशित मितिः २०७६/११/०५ गते*

पद : लेखापाल (Accountant)
संख्या : १ (एक)
आवश्यक न्यूनतम योग्यता : B.B.S. वा B.com. वा B.B.A.
अनुभव : एक वर्ष सोही पदमा रही काम गरेको ।
फारम भर्ने अन्तिम मिति : २०७६/११/२५

**सम्पर्क**
मानव अधिकार तथा ग्रामिण युवा परिवर्तन (हुर्क) नेपाल
राजविराज-५, सप्तरी
फोन नं. ०३१-५२२००३, ९८४३६६४७७२, ९८०४७४३१६०

# निवर्तमान सभामुख महराले पाए सफाई

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ फागुन ।**

संसद सचिवालयकी कर्मचारीलाई बलात्कार प्रयासको आरोपमा पक्राउ परेका निवर्तमान सभामुख कृष्णबहादुर महराले सोमबार सफाइ पाएका छन् ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश अमरराज पौडेलको इजलासले उनलाई सफाइ दिएको हो ।

यसअघि काठमाडौं जिल्ला अदालतले महरालाई कसूरदार होइन भन्न नसकिने भन्दै पुर्पक्षका लागि थुनामा पठाएको थियो । निर्दोष ठहर भएसंगै सोमबारै महरा डिल्लिबजार कारागारबाट जेलमुक्त भएका छन् ।

संघीय संसद् सचिवालयमा कार्यरत महिला कर्मचारीमाथि यौन दुर्व्यवहार गरेको आरोपमा उनी गत असोज १९ गते बालुवाटारस्थित सभामुखको सरकारी निवासबाट पक्राउ परेका थिए ।

बलात्कार प्रयासको गम्भीर आरोप लागेपछि महराले असोज १४ गते सभामुख पदबाट राजीनामा दिएका थिए । महरा १ सय ३ दिनपछि जेलमुक्त भएका हुन् ।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठ जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


# भावपूर्ण श्रद्धाञ्जली

**स्व. शिवनन्दन साह**

सप्तरीको खड्क नगरपालिका वडा नं. ५ रंजीतपुरनिवासी तथा गणेश बचत तथा ऋण सहकारी संस्था लि. राजविराजका अध्यक्ष राजकुमार साहका पिता **शिवनन्दन साह**को २०७६ माघ २४ गते शुक्रबारका दिन ८० वर्षको उमेरमा भएको निधनले हामी स्तब्ध भएका छौं । दुःखदको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गणेश बचत तथा ऋण सहकारी संस्था लि. परिवार राजविराज**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money — CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*